अनुसूची २

(दफा ४ तथा अनुसूची-१ को भाग-१ सँग सम्बन्धित)

धवलागिरी गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड: ८ संख्या: ०३ मिति: २०८१/०८/२१

## भाग २

## धवलागिरी गाउँपालिका

## गाउँ कार्यपालिकाको स्वीकृतिबाट जारी

## धवलागिरी गाउँपालिकाको

## पशुपालक कृषकलाई लजिस्टिक सामाग्री वितरण कार्यक्रम कार्यन्वयन सम्बन्धी कार्यविधि: २०८१

कार्यपालिकाबाट स्वीकृत मिति: २०८१/०८/२१

राजपत्रमा प्रकाशित मिति: २०८१/०९/०४

धवलागिरी गाउँपालिका
कार्यपालिकाको कार्यालय
मुना, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

## पशुपालक कृषकलाई लजिस्टिक सामाग्री वितरण कार्यक्रम कार्यान्वयन कार्यविधिः २०८१

धवलागिरी गाउँपालिका पशुपालनको लागि अति उपयुक्त स्थान मानिन्छ। यहाँका अधिकांश जनता कृषक रहेको र घुम्ती गोठ प्रणाली द्वारा व्यावसायिक रुपमा पशुपालन व्यवसाय गर्दै आएकोले भेडा बाखा पालन गरेका कृषक समूहलाई उन तथा मासुजन्य पर्दाथ उत्पादन गर्ने उद्देश्य र नेपाल सरकार कृषि तथा पशुपंक्षी विकास मन्त्रालयबाट पशुपंक्षी उत्पादन र उत्पादकत्व वृद्धि गरी आयात प्रतिस्थापन गरी निर्यात र आत्मनिर्भर हासिल गर्ने हेतुले प्रदेश तथा स्थानीय तहहरुमा वित्तीय हस्तान्तरित कार्यक्रमलाई व्यवस्थित पारदर्शी , प्रभावकारी गराई धवलागिरी गाउँपालिकाको उच्च पहाडी भेगमा अवस्थित चरन खर्कहरुको अधिकतम उपयोग गर्ने उद्देश्यकासाथ घुम्ती गोठ प्रणाली द्वारा पालिदै आएका पशुपालन व्यवसायलाई थप प्रभावकारी ढंगले संचालन गर्न प्रोत्साहान स्वरुप आवश्यक लजिस्टिक सामाग्री वितरण गरी धवलागिरी गाउँपालिका लाई दुध, मासु र ऊनको लागि आत्मनिर्भर बनाउन स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी धवलागिरी गाउँपालिकाले यो कार्यविधि तयार गरी लागु गरेको छ ।

### परिच्छेद १

प्रारम्भिकः

१. संक्षिप्त नाम र प्रारम्भ

(क) यो कार्यविधिको नामः पशुपालक कृषकलाई लजिस्टिक सामाग्री वितरण कार्यक्रम संचालन कार्यविधि २०८१ रहेको छ ।

(ख) यो कार्यविधि गाउँ कार्यापालिकाबाट स्वीकृत भए पश्चात लागु हुने छ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) कार्यक्रम भन्नाले गाईभैसी तथा भेडा बाख्रा पालन व्यवसाय प्रर्वधन तथा उन तथा मासुमा आत्मनिर्भर कार्यक्रम संचालन कार्यविधि २०८१ बमोजिम लक्षित वर्गको लागि संचालित कार्यक्रम सम्झनु पर्छ

ख) कार्यपालिका भन्नाले धवलागिरी गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

ग). अध्यक्ष भन्नाले घवलागिरी गाउँपालिकाका अध्यक्षलाई सम्झनु पर्दछ ।

प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका अध्यक्ष

धवलागिरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मना, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

घ). उपाध्यक्ष भन्नाले धवलागिरी गाउँपालिकाका उपाध्यक्षलाई सम्झनु पर्दछ ।

ङ). प्रमुख प्रशासकीय अधिकृत भन्नाले धवलागिरी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

च). लक्षित वर्ग भन्नाले उच्च भेगमा पशुपालन पालन गरी उन तथा मासुजन्य व्यवसायमा संलग्न कृषक समूह, सहकारी , उद्योगी, फर्म तथा कृषकहरुलाई सम्झनु पर्दछ ।

छ). गाउँपालिका भन्नाले धवलागिरी गाउँपालिकालाई सम्झनु पर्दछ ।

ज). बैंक भन्नाले राष्ट्र बैंकबाट मान्यता प्राप्त कम्तीमा ख वर्गको बैंक तथा वित्तिय संस्थालाई सम्झनु पर्दछ ।

झ). अनुग्राही भन्नाले यस कार्यविधि वमोजिम छनौट भएका कृषक कृषि उद्यमी, कृषक समूह, कृषि सम्वन्धी सहकारी, समिति, समूह, व्यवसायी सम्झनु पर्दछ ।

ञ. कृषि भन्नाले पशुपंक्षी पालन, माछापालन, तरकारी तथा फलफूल, खाद्यान्नवाली समेतलाई सम्झनु पर्दछ ।

ट. कृषि सामाग्री भन्नाले कृषि उत्पादनमा प्रयोग हुने नश्ल, माछाका भुरा ,औषधी, खोप, हर्मोन, दाना आहार, कृषि औजार उपकरण, डेरी सामाग्री आदीलाई सम्झनु पर्दछ ।

ठ. यस गाउँपालिकाको अनुदान भन्नाले पशुपंक्षी तथा मत्स्य विकास कार्यक्रम संचालनको लागि गाउँ कार्यपालिकाबाट स्वीकृत बजेटबाट प्राप्त अनुदानलाई सम्झनु पर्दछ ।

ड. उन्नत गाई भन्नाले कम्तीमा दैनिक १५ लि. भन्दा बढी दुध दिने गाईलाई सम्झनु पर्दछ । भैसीको हकमा उन्नत जातको दैनिक १० लि. भन्दा बढी दुध दिने भैसीलाई सम्झनु पर्दछ ।

ढ. समूह भन्नालेः कम्तीमा १० देखि बढीमा २५ जनाको कृषक समूहलाई सम्झनु पर्दछ ।

प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका उपाध्यक्ष

धवलागिरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मुना, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

# परिच्छेद २

## ३.उद्देश्य

३.१. गाईभैसी तथा भेडाबाखा पालनको माध्यमबाट रोजगारी सिर्जना गरी धवलागिरी गाउँपलिकालाई दुध ऊन तथा मासुमा आत्मनिर्भर बनाउन कृषक, कृषक समूह समिति र सहकारी मार्फत कार्यक्रम संचालन गरिने र स्थानीय पशुको स्रोत केन्द्र स्थापना गराउने।

३.२. सामुदायिक वन, चरनक्षेत्र तथा निजी बाँझो उत्पादनहीन जमिनलाई चरन क्षेत्रको रुपमा प्रयोगमा ल्याई कृषकको जीवनस्तरमा सुधार गरी आर्थिक बिकासमा टेवा पुर्याउने ।

३.३. दुध ऊन र मासुको केन्द्रको स्थापना गरी ग्रामीण क्षेत्रमा उत्पादित ऊन मासु तथा दुधजन्य पदार्थलाई वजारको सुनिश्चितता तथा शहरी क्षेत्रबाट ग्रामीण क्षेत्रमा नगद प्रवाह वृद्धि गर्ने ।

३.४. परापूर्व कालदेखि पालिदै आएका स्थानीय रैथाने जातका चौपायहरुको संरक्षण गर्ने ।

३.५. क्रमिक रुपमा समूह सहकारी मार्फत कार्यक्रम संचालन गर्ने ।

## ४. अपेक्षित उपलब्धि तथा प्रतिफल

४.१. उच्च भेगमा पशुपालन व्यवसाय गर्दै आएका कृषकहरुलाई प्रोत्साहान स्वरुप लजिस्टिक सामाग्री वितरण गरी पशुपालन व्यवसायलई थप प्रोत्साहित गरी पशुपालनमा वृद्दी गर्ने ।

४.२.गाउँपालिका भित्र आवश्यकता अनुसार पशु संकलन केन्द्र स्थापना गरी दैनिक रुपमा भेडा बाखा तथा खसी, बोका निकासी गरी आम्दानी गर्ने ।

४.३. ५ वर्ष भित्रमा व्यावसायिक पशुपालक कृषकको संख्यामा ३०% ले वृद्दि गर्ने।

४.४ क्रमिक रुपमा लजिस्टिक सामाग्री वितरण गरी पशुपालक कृषकहरुलाई थप प्रोत्साहन गरी पशुपालन व्यवसायमा अभिवृद्दि गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका अध्यक्ष

# परिच्छेद ३

## व्यवस्थापकिय पक्ष

### ५. कार्यक्रम संचालन प्रक्रिया

क. यस कार्यक्रममा व्यावसायिक पशुपालक कृषकको संख्या हेरी बढीमा ३० जनालाई मात्र सहभागी गराइने छ ।

ख.यस धवलागिरी गाउँपालिका भित्र घुम्ती गोठ प्रणाली द्वारा व्यक्तिगत/व्यावसायिक रुपमा कम्तीमा १०० भन्दा बढीको संख्यामा भेडा बाख्रा पालन व्यवसाय गर्दै आएका कृषकहरुलाई वडाको सिफारिसको आधारमा कार्यक्रममा सहभागी गराइने छ ।

ग. अनुदान कार्यक्रमको लागि १०० भन्दा बढीको संख्यामा भेडा बाख्रा पाल्ने कृषकको संख्या ३० भन्दा माथि भएमा प्राथमिकता र आवश्यकताका आधारमा वडा कार्यलयको सिफारिस र कृषकको आर्थिक अवस्था समेतलाई ध्यानमा राखि कृषक छनौट गरिने छ ।

घ. कार्यक्रममा सहभागी हुन चाहाने आवेदकहरुले अनुसूची २ बमोजिमको निवेदन, अनुसुची ३ बमोजिमको आवश्यक कागजात संलग्न राखी निर्धारित समयभित्र प्रस्ताव पेश गर्नुपर्ने छ ।

ङ. सम्वन्धित कार्यालयले प्राप्त प्रस्तावहरु बमोजिम मूल्याङ्कन र प्राथमिकीकरण गरी स्वीकृतिका लागि कार्यालय समक्ष पेश गर्नेछ ।

च. सम्वन्धित कार्यालयले प्रस्तावना छनौट गर्नु पूर्व स्थलगत अनुगमन गर्नुपर्ने छ ।

छ. कार्यक्रम संचालनको लागि छनौट भएका कृषकहरुले अनिवार्य रुपमा पशुपालन व्यवसाय गरेको हुनुपर्ने छ यदि पशुपालन व्वसाय संचालन नगरेको कृषक तथा समूह सहकारी बाट प्रस्ताव पेश भएको पाईएमा गाउँपालिकाबाट दिने सेवा सुविधा उपलब्ध गराउन सकिने छैन

ज. एकै आर्थिक वर्षमा कृषकहरुलाई एकै शीर्षकमा दोहोरो हुने गरी अनुदान उपलब्ध गराइने छैन ।

प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका अध्यक्ष

धवलागिरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मुना, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

# अनुसूची १

## प्रस्ताव आव्हान सम्वन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः

यस धवलागिरी गाउँपालिका पशु सेवा शाखाको आ.व. २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार घुम्ती गोठ प्रणाली द्वारा व्यावसायिक रुपमा कम्तीमा १००(एक सय) भेडा वाखा पाल्दै आएका कृषकहरुलाई आवश्यक लजिस्टिक सामाग्री वितरण गरिने भएकाले आवश्यके कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र सम्वन्धित वडा कार्यलय वा पशु सेवा शाखामा निवेदन पेश गर्नुहुन सम्बन्धित सवैका लागि यो सूचना प्रकाशित गरिएको छ ।

प्रस्तावका साथमा सम्मिलित हुनुपर्ने कागजातहरुः-

- अनुसूची २ वमोजिमको आवेदन फारम
- अनुसूची ३ वमोजिमको आवश्यक कागजातहरु

प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका अध्यक्ष

# अनुसूचीः २

## आवेदन

श्री धवलागिरी गाउँपालिका,
पशु सेवा शाखा
मुना म्याग्दी,

विषयः प्रस्ताव पेश गरिएको बारे ।

धवलागिरी गाउँपालिकाको मिति..........................को सूचना अनुसार लजिस्टिक सामाग्री वितरण कार्यक्रम सञ्चालन गर्नका लागि सूचना प्रकाशित गरिएको हुँदा यसै धवलागिरी गाउँपालिका वडा न. ..................मा सञ्चालित ..............................................................फर्म /कृषक /कृषक समुह/सहकारी लाई उक्त कार्यक्रममा समावेश गरिदिनुहुन विनम्र अनुरोधका साथ आवश्यक कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको छु । साथै उक्त सामाग्रीहरु सही सदुपयोग गर्ने समेत प्रतिवद्धता व्यक्त गर्दछु ।

निवेदकः
दस्तखतः
सम्पर्क न.
ठेगानाः

प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका उपाध्यक्ष

## अनुसुचीः ३

आवश्यक कागजातहरुको सूचीः

१. अनुसुची २ वमोजिमको आवेदन फारम ।

२. निवेदकको नेपाली नागरिकताको प्रतिलिपि ।

३. सम्बन्धित वडा कार्यलयको सिफारिस ।

४. फर्म दर्ता भएको भए स्थायी दर्ता नम्बर (पान नम्बर) ।

आज्ञाले,
मोति प्रसाद अर्याल
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका उपाध्यक्ष